त्रिभुवन विश्वविद्यालय

# शिक्षाशास्त्र संकाय

## परीक्षा नियन्त्रण महाशाखा

बल्खु, काठमाडौं, नेपाल

मिति: २०८२।०२।१२

**खुल्ला तथा दूर सिकाई (ODL) कार्यक्रमको २ र ३ सेमेस्टरमा सञ्चालित स्नातकोत्तर तह M.Ed. (Science Education) प्रथम सेमेस्टर (नियमित तथा आंशिक) परीक्षाको परीक्षा आवेदन फारम भर्ने सम्बन्धी सूचना**

यस संकायअन्तर्गत सञ्चालित खुल्ला तथा दूर सिकाई (ODL) कार्यक्रमको २ र ३ सेमेस्टरमा सञ्चालित स्नातकोत्तर तह M.Ed. (Science Education) प्रथम सेमेस्टर (नियमित तथा आंशिक) परीक्षाको २०८२ साल श्रावण/भाद्र महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आफ्नो क्याम्पसमा सम्पर्क गरी एकल दस्तुरका हकमा यही २०८२ साल जेठ २६ गते र दोब्बर दस्तुरका हकमा २०८२ जेठ ३० गतेसम्म अनलाईन मार्फत परीक्षा फारम भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिएको छ ।

**पुनश्च:**

- विद्यार्थीहरुले यस संकायको वेवसाइटः www.tufoe.edu.np मा गई त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फराम भर्न सकिनेछ ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि रु. २५००।- शुल्क लाग्नेछ जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ । परीक्षा फारमवापत संकलित रकम सम्बन्धित क्याम्पसले यस शिक्षाशास्त्र संकाय डीनको कार्यालयको बैंक खातामा तोकिएको समयभित्र जम्मा गर्नुपर्नेछ र सोको सक्कल भौचर बैंक एकल दस्तुरका हकमा २०८२ जेठ २८ र दोब्बर दस्तुरका हकमा २०८२ असार १ गतेसम्म दाखिला गरी भौतिक परीक्षा फारामसहित २०८२ असार २ गतेभित्र यस कार्यालयमा बुझाउनुपर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजको परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक परीक्षा फारममा अनलाइनमार्फत भरी पठाउनु पर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण परीक्षा सुरु हुनु अगावै डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा फोटो र दस्तखत अपलोड् गर्नुपर्नेछ ।
- Online परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन